आज मिति २०८२ **आश्विन ३०** गते बिहिबारका दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपशील बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालू आ.व. २०८२/०८३ को **पाँचौं** गाउँ कार्यपालिकाको बैठक बसि निम्नानुसारको निर्णय गरियो:

## उपस्थिति:

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री ङवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री मणिराज बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री ध्रुव बहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री ङिमाछिरी लामा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९ | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | शोभा |
| १० | श्री सविता वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | चित्र. |
| १२ | श्री निर कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री मान बहादुर भुजेल | कार्यपालिका सदस्य | मान |
| १४ | श्री अग्नी प्रसाद पराजुली | सचिव | |
| १५ | श्री गोविन्द बस्नेत | स.क.अ. | |

आमन्त्रित

कल्याणी भुजेल - का.स.

CamScanner

प्रस्तावहरु :

१. अघिल्लो बैठक समिक्षा सम्बन्धमा ।

२. विद्युत लाईन विस्तार /प्रसारण सम्बन्धमा ।

३. जिम्मेवारी तोक्ने सम्बन्धमा ।

४.

CamScanner

## निर्णयहरु:

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८२ भाद्र २४ गते बसेको चौथो कार्यपालिका बैठकमार्फत भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका भित्र केन्द्रीय लाईन बिस्तार भईसकेको र सो लाईनमा विद्युत प्रशारण गर्नका लागि तिहार पछि नेपाल विद्युत प्राधिकरण सँग आवश्यक समन्वय गरि विद्युत प्रशारणका लागि आवश्यक पहल गर्ने निर्णय गरियो।

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका उपाध्यक्ष श्री ङवाङ ल्हाक्पा शेर्पाको न्युजिल्याण्ड (New Zealand) भ्रमण स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो। साथै सो भर्मणको समय मिति २०८२ मंसिर १५ देखि गाउँपालिका उपाध्यक्ष कार्यालय फर्कि नआउन्जेलसम्मको लागि न्यायीक समितिको सम्पुर्ण जिम्मेवारी न्यायीक समिति सदस्य श्री दिपक बस्नेतलाई जिम्मेवारी तोक्ने र अनुगमन समितिको कार्यविधि अनुसार रु. ३००,०००।– (तीन लाख) सम्मको योजना अनुगमन वडाले नै गर्ने र सो भन्दा माथिको योजना अनुगमन गर्नलाई अनुगमन तथा सुपरिवेक्षण समितिको सदस्य श्री हिक्मत बहादुर बस्नेतलाई अनुगमनको सम्पुर्ण जिम्मेवारी तोक्ने निर्णय गरियो।

CS CamScanner